# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं १, नेपाल

केराबारी गाउँपालिका कार्यपालिकाको कार्यालय केराबारी, मोरङ १ नं. प्रदेश नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७९।०८।२८)

केराबारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका लागि नगर प्रहरीका देहयका पदहरुमा खुला प्रतिस्पर्धाद्धारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले सूचनाको मितिले १५ दिन भित्र माग बमोजिमंको विवरण र राजश्व तिरेको रसिद सहित केराबारी गाउँपालिकाको कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| सि.न. | वि.न. | पद | किसिम | माग संख्या | उमेर | न्यूनतम शैक्षिक योग्याता | तलव सुविधा | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३/०७९/०८० | नगर प्रहरी हवल्दार | खुला | १ | २०७९ मंसिर २८ गतेसम्म २१ वर्ष पुरा भई ४५ वर्ष पुरा नभएको । | एसएलसी वा सोसरह उत्तीर्ण | कार्यपालिकाको निर्णयानुसार हुने | ५००।०० |
| २ | १४/०७९/०८० | नगर प्रहरी जवान | खुला | १ | | | | ४००।०० |
| ३ | १५/२०७९/०८० | नगर प्रहरी जवान | महिला | १ | | | | ४००।०० |

तपसिलः

१. सेवाको किसिमः- करार सेवा ।

२. उम्मेदवारको योग्यता :- (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय वमोजिम हुनेछ ।

उमेरः- (क) दरखास्त आह्वानको मिति २०७९।०८।२८ गतेसम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

शैक्षिक योग्यताः-

(ख)नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान दुवै पदको लागि एस. एल. सी. वा सो सरह उतिर्ण गरेको ।

उचाई, छाती र तौलः-

(ग) महिला उम्मेद्वारको लागि कम्तीमा पाँच फिट र पुरुषको लागि कम्तीमा पाँच फिट तीन इन्च उचाई भएको ।

(घ) पुरुष उम्मेद्वारको छाती नफुलाउदा घटीमा एकतिस ईन्च र फुलाउँदा तेतिस ईन्च भएको ।

(ङ) महिला उम्मेदवारको न्यूनतम तौल ४५ कि. ग्रा. र पुरुष उम्मेदवारको न्यूनतम तौल ५३ कि.ग्रा. भएको ।

स्वास्थ्य तथा अन्यः-

(च) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

(छ) उम्मेद्वारको आँखा -२ वा +२ भन्दा वढी कमजोर नभएको र स्वीकृत चिकित्सक वा गाउँपालिकाको स्वास्थ्य सेवामा कार्यरत चिकित्सकवाट प्रमाणित निरोगिताको प्रमाण पत्र पेश गरेको ।

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं १, नेपाल

(ज) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको, प्रहरी कार्यालयवाट चालचलनको प्रमाण पत्र पेश गरेको ।

(झ) कुनै राजनितिक दलको सदस्य नरहेको ।

(ञ) प्रचलित कानुन बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

**दरखास्त दिने स्थानः-** केराबारी गाउँकार्यपालिकाको कार्यालय, केराबारी मोरङ ।

**दरखास्त दिने अन्तिम मितिः**२०७९।०९।१३ गते, कार्यालय समय भित्र ।

**दरखास्त दस्तुर बुझाउने स्थानः**केराबारी गाउँकार्यपालिकाको एन.आई.सि. एसिया बैंक केराबारी शाखाको राजश्व खाता नं. ०५६२०५६५०१४२३००२ मा बुझाउनु पर्नेछ ।

**छनौटको किसिमः-** शारीरीक तन्दुरुस्ती परिक्षा र अन्तर्वार्ता । तन्दुरुस्ती सम्वन्धि परिक्षाको पुर्णाङ्क इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा समितिको वैठकले तय गर्ने ।नेपाल प्रहरी स्थानीय

**आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः-** आवेदक स्वंयले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकताको प्रलितिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि उम्मेद्वारको आँखा -२ वा + २ भन्दा वढी कमजोर नभएको र स्वीकृत चिकित्सक वा गाउँपालिकाको स्वास्थ्य सेवामा कार्यरत चिकित्सकवाट प्रमाणित निरोगिताको प्रमाण पत्र, कुनै सुरक्षा संगठनमा आवद्ध भई सेवा निवृत्त वा म्यादी प्रहरीको जिम्मेवारी निर्वाह गरिसकेको भए सो खुलेको कागजात सलग्न हुनुपर्नेछ ।

**शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमाः** दरखास्त बुझाउने अन्तिम मितिसम्म जारी भएकोलाई मात्र मान्यता दिईनेछ ।

**परीक्षा संचालन हुने मिति, समय र स्थानः-** दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी, वेवसाईटमा राखिने छ ।

म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पदपुर्ती समितिलाई हुनेछ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ । यस सम्वन्धमा सर्वाधिकार छनौट तथा सिफारिस समितिलाई हुने ।

पुनस्चः-सुरक्षा निकायका संगठनवाट सेवा निवृत्त कर्मचारी र म्यादी प्रहरीको जिम्मेवारी निर्वाह गरिसकेकालाई नियुक्तिका लागि प्राथमिकतामा राख्न सकिनेछ ।

.........................

- अस्पष्टता भएः- ९८५२०७२३११, ९८५२०८०२१७

मेलः kerabariruralmun@gmail.com,वेभसाइटःwww.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०

"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृध्द केराबारी हाम्रो आधार"